## अध्याय छ

# कमैयामाथि प्रतिवेदन

### नेपाली चिकित्सक सही थिए

नारिता विमानस्थल पुगेपछि म चिवा सहरस्थित आफ्नो घरमा सामान थन्क्याएर टोकियो, शिबुयामा रहेको जापान रेडक्रस स्वास्थ्य उपचार केन्द्रमा हतारिँदै गएँ । नाक-कान-घाँटी विभागमा गएर कान जचाएँ । काठमाडौँको शिक्षण अस्पतालमा जचाउन गएको बेलामा भन्दा केही बिसेक भइसकेको थियो । नेपालमा सेवन गरेको औषधिको असर सुरु भएजस्तो छ भनी जाँच्ने डाक्टरले भने ।

"राम्रै भयो । ढिलो भएको भए कान पटक्कै नसुन्ने पनि हुन सक्थ्यो ।"

"नेपालमा सल्लाह गरेको जापानी डाक्टरले त अस्पतालमा भर्ना भई स्टेरोइड औषधिको सलाइन लिँदा राम्रो हुन्छ भनेका थिए ।"

"अस्पतालमा भर्ना भयो भने अनेक कुराले गर्दा गाह्रो होला । यही अवस्थालाई एकपटक हेरौँ न" डाक्टरले भने ।

"हँ ! अहिले सेवन गरिरहेको औषधिले हुन्छ त ?"

"हो, जाँचको परिणाम हेर्दा त औषधिको असर धेरै नै देखिएको छ । यही अवस्थालाई हेर्दै जाऊँ ।"

सलाइन टच्युव लिनुपर्छ होला भन्ने लागेको थियो । तर खासै खतरा केही नभएकोमा ढुक्क भएँ । आखिरमा नेपाली डाक्टरले दिएको सल्लाह नै पर्याप्त रहेछ । त्यसो हो भने त बेकारमा आत्तिँदै जापानमा फर्केको । व्यर्थै भयो भन्ने पनि लाग्यो । अब यही प्रक्रियाबाट उपचार हुन्छ कि हुँदैन भन्ने कुरा कम्तीमा दुई हप्ताजति हेर्नुपर्ने भएकोले मैले अस्पताल जाँदै उपचारलाई निरन्तरता दिने काम गरेँ ।

## कमैयाको उत्पत्ति तथा थारू समाजमा संयुक्त उत्पादन संस्कृति

मेरो कान बिस्तारै निको हुँदै गयो र जुलाई महिनाको अन्ततिर त साधारण अवस्थामा आइपुग्यो । त्यसपछि, काठमाडौँबाट श्रीमतीमार्फत स्पेसको दोस्रो अनुसन्धान प्रतिवेदन आइपुग्यो । केशवजीको चिट्ठी पनि त्यसैसँग थियो जसमा लेखिएको थियो:

> सादामाचुजी अहिले कानको अवस्था कस्तो छ ? प्रतिवेदनको खेस्राप्रतिको सुझावको लागि धन्यवाद । त्यो पढ्दा मैले पनि तपाईंसँगै बसेर प्रतिवेदन तयार गर्ने काम गर्न पाएहुन्थ्यो भनी सोचेँ । अहिले म आगामी महिनादेखि एक्सन एडमा काम सुरु गर्ने तयारी र स्पेसको जिम्मेवारी नयाँ आउने व्यक्तिलाई हस्तान्तरण गर्ने दुवै काम एकैसाथ अगाडि बढाउनु परेकोले अत्यन्त व्यस्त छु । कामको फुर्सत मिलाएर बल्ल यो प्रतिवेदन तयार गर्न सकेँ । अवश्य पनि तपाईंको विचार सुन्न पाउने छु । अहिले यहाँ भर्खरै आएका ध्रुवजीसँगै शाप्ला नीरमा पेश गर्नुपर्ने क्रियाकलाप योजनाको प्रतिवेदन लेख्दै छु । तपाईं चाँडै निको भई नेपालमा फर्केर आउने बाटो सबै साथीहरूले कुरिरहेका छन् ।

प्रतिवेदन पचास पन्ना लामो थियो (SPACE 1996) । त्यसमा “कमैयाहरू वास्तवमा थारू समाजमा नै रहँदै आएका होइनन् र !” भन्ने हाम्रो सोचाइलाई पुष्टि गर्ने चाखलाग्दा जानकारीहरू थियो । पुनर्स्थापित बासिन्दाहरूको भाषामा ‘कमैया’ भन्ने शब्दले थारू परिवारमा पुरूषको कार्यभारलाई सम्बोधन गर्ने भएकोले वास्तवमा यसले शोषणको अर्थ कदापि राख्दैन । यस शब्दले थारू भाषामा ‘मेहनती मानिस’ तथा ‘घरको लागि कमाउने’ अर्थ दिने भएकोले घरका जेठाबाठा, युवापुरूष सबैलाई कमैया भनेर बोलाइन्थ्यो । ती व्यक्तिहरूले कृषिका साथै सबै किसिमका व्यवहारको जिम्मेवारी बोकेका हुन्थे । परिवारका सबैलाई खाना तथा लत्ताकपडा आदिको व्यवस्था राम्रो छ कि छैन भनी हेर्नेलाई ‘बुक्रहा’

भनिन्थ्यो । बाली भित्र्याउने व्यवस्था, खाद्यान्न सञ्चय, बिक्री, आउने वर्षका लागि बीउको सञ्चय आदि कामको जिम्मा 'कोथाली' को हुन्थ्यो ।

खेतमा कमैयाको काममा सहयोग गर्ने महिलालाई 'कम्लहरी' र खानाखाजाको चाँजोपाँजो मिलाउने महिलालाई 'ओर्गन्य' भनिन्थ्यो । बालक तथा बृद्धहरूका लागि पनि कार्यविभाजन हुन्थ्यो । 'छेगुरावा' (बाखाको हेरचाह), 'बर्दिया' (गोरूको हेरचाह), 'भैसरुवा' (भैँसीगाईको हेरचाह) र शारीरिक शक्ति, उमेर तथा सीपअनुसार बच्चादेखि बूढासम्म सबैका लागि पालैपालो जिम्मेवारीहरू आउँथे ।

थारू परिवारमा यसरी कामको बाँडफाँट हुनुमा कारण छ । उनीहरूको संयुक्त परिवारको प्रचलनअनुसार तीनदेखि चार पुस्तासम्मको संयुक्त परिवार हुन्थ्यो । त्यस्तोमा एक परिवारको सङ्ख्या भण्डै एक सय पचास जनासम्मको पनि हुन्थ्यो । उनीहरूले संयुक्त रूपमा व्यवस्थित तरिकाले कृषि उत्पादन तथा पशुपालन गर्ने गर्थे । अन्न भित्र्याउँदा परिवारका सबैलाई बराबर र गर्भवती आइमाईलाई थप एक भाग बढी दिने चलन पनि थियो भनिन्छ ।

यसरी संयुक्त उत्पादन संस्कृतिलाई राम्ररी अगाडि बढाउनका लागि पनि 'घरधुरिया' भन्ने घरमूलीको अधीनमा आ-आफ्नो शारीरिक शक्ति, उमेर, क्षमताका आधारमा महिला र पुरूषका लागि छुट्टाछुट्टै कामको बाँडफाँट हुन्थ्यो । त्यसपछि हरेक परिवारको 'घरधुरिया' ले आफ्नो गाउँको सङ्गठन 'खेलकेरू' को सदस्य भई त्यसमध्येबाट एक वर्षको लागि 'बादोगा' भन्ने गाउँको प्रमुखलाई चुनावबाट छनोट गरी गाउँभरिका क्रियाकलाप सञ्चालन गर्ने गरिन्थ्यो (चित्र २ हेर्नुहोला) ।

यसरी अहिलेका कमैयालाई जमिनदारले काममा लगाउनुका पछाडि विगतको बाल्यावस्थादेखि वृद्धावस्थासम्मको थारू परिवारमा भएको कार्यविभाजन चक्र निकै अर्थपूर्ण हुनआउँछ ।

## नेपाल एकीकरणको इतिहास र थारू

पहिलेदेखि नै थारू समाजभित्रै रहँदै आएका कमैया पछि गएर किन शोषित वर्गमा परिणत हुन पुगे होलान् ? यसको जवाफ पाउन सबभन्दा पहिले नेपालको इतिहास र त्यसमा कमैयाको भूमिकाबारे थाहा हुनु आवश्यक छ ।

उहिलेको 'अज्ञात देश' नेपाल अहिले सर्वोच्च शिखर सगरमाथालगायत अन्य उच्च हिमालआरोहणका लागि प्रसिद्ध भएकोले संसारका विभिन्न ठाउँबाट ठूलो सङ्ख्यामा पर्यटकहरू आउन थालेका छन् । काठमाडौँमा घुम्दा पनि छ सय

वर्षभन्दा पुराना मन्दिर तथा दरबारहरू देखिन्छन् । अत्यन्त पुराना शैलीका प्राचीन सहरका लहरै घर र मन्दिरहरू देख्दा सिङ्गै देश नेपालले लामो इतिहास बोकेको छ भन्ने कुराको बोध हुन्छ । यी प्रायजसो मन्दिर तथा घरहरू काठमाडौँका आदिवासी नेवारद्वारा निर्माण गरिएका हुन् । त्यस बेलाको नेपाल काठमाडौँ उपत्यका र अनेक स-साना (लगभग ६० ओटा) राज्यहरूमा विभाजित थियो ।[१]

**चित्र २: थारू परिवारमा संयुक्त उत्पादनको ढाँचा**




अठारौँ शताब्दीको उत्तरार्द्धतिर अङ्ग्रेजहरूले भारतमा "इस्ट इण्डिया कम्पनी" को नाउँमा बलपूर्वक राज्य विस्तार गर्दै आएका थिए । नेपालका यी स-साना राज्यहरूलाई पनि अङ्ग्रेजहरूले उपनिवेश बनाउन सक्ने सम्भावना थियो । त्यसैताका अहिलेको गोर्खा क्षेत्रबाट सन् १७६८ मा काठमाडौँका मल्ल राजालाई परास्त गरी राजा पृथ्वीनारायण शाहले वरिपरिका स-साना राज्यलाई बिस्तारै आफ्नो अधीनमा पारी अन्तमा सिङ्गो नेपालको एकीकरण गरे ।[२]

---

१ "अठारौँ शताब्दीको उत्तरार्द्धकालको राष्ट्रिय एकीकरणअगाडि यहाँको राजनीतिक क्षेत्रको विभाजनबारे नबुझी नेपालको कृषि इतिहासको सान्दर्भिक विश्लेषण गर्न गाह्रो छ । हालको नेपाल अधिराज्य त्यस बेला कम्तीमा पनि ६० ओटा स-साना राज्यहरूमा विभाजित थियो (Regmi 1988) ।"

२ त्यसताका काठमाडौँ बाहिरका स-साना राज्यहरूको आफ्नै नाम थियो र 'नेपाल' ले काठमाडौँ उपत्यकालाई मात्र बुझाउँथ्यो ।

एकीकरणपश्चात् कृषिलाई पहाडी क्षेत्रमा केन्द्रित गरी व्यवस्थित गरियो तर भारतको सिमानासँग जोडिएको फराकिलो तराई क्षेत्र भने पूरै जङ्गलले ढाकेको अवस्थामा थियो ।[३] सन् १८१४ देखि १८१८ सम्मको अङ्ग्रेज-नेपाल युद्धपश्चात् अङ्ग्रेजसँगको सिमाना निश्चित गरी नेपाल सरकारले तराईक्षेत्रको वास्तविक विकासको थालनी गरेको हो । शाहवंशीय राजा र सन् १८४६ देखि सरकार चलाएर आएका अधिकारसम्पन्न राणा परिवार र तिनका भाइभारदार तथा सहयोगीहरूलाई जागिरबापतको पारिश्रमिक तथा पुरस्कारस्वरूप तराईको जमिन दिइन्थ्यो (Regmi 1998)।

तर त्यस बेला तराई क्षेत्रमा औलोको महामारी फैलिएकोले पहाडी क्षेत्रका मानिसहरू बस्न सकेका थिएनन् । जमिनदारको अनुपस्थितिमा औलो प्रतिरोधात्मक क्षमता भएका मानिने थारूहरू त्यस क्षेत्रको विकास कार्यमा संलग्न भए ।[४]

त्यस बेला प्रत्येक जमिनदारका जमिनको क्षेत्रफल धेरै फराकिलो भएको र मजदुरी गर्नेहरूचाहिँ थोरै भएकोले मोहीले पाउने भाग तुलनात्मक रूपमा बढी थियो । त्यसबाहेक आफ्नै जग्गामा कृषि गर्दा सरकारलाई कर बुझाउनुपर्ने हुँदा मोही भएर जीविका चलाउने थारूहरू धेरै थिए (Guneratne 1996) । फेरि थारूहरूमा आफ्नो जमिन भन्ने धारणा नहुनु र त्यस बेला पश्चिम तराईतिर खालि जमिन प्रशस्त भएकोले सरकार र जमिनदारले अवैधानिक तरिकाले जमिनबहाल तथा कर उठाउने हुँदा पहिलाको बालीनालीसमेत छोडेर अर्को क्षेत्रमा सर्ने गर्दथे (Guneratne 1994) । यसरी तराई क्षेत्रका अग्रज थारूहरू पूर्वदेखि पश्चिमतिर क्रमिक रूपले बसाइँ सर्दै गए । तसर्थ तराई क्षेत्रको विकासमा थारू जातिको पनि उल्लेख्य भूमिका रहेको देखिन्छ भन्दा अत्युक्ति नहोला ।

## जग्गा खोसिएका थारूहरू

बीसौँ शताब्दीको पूर्वार्द्धसम्म पनि मोहीको रूपमा काम गरिरहेका प्रायजसो थारूहरू पहिलेको जस्तै संयुक्त जीवनयापनलाई अँगाल्दै आएका थिए । पश्चिमी तराई क्षेत्रमा परिवर्तन आउन थालेको सन् १९५८ देखि नेपाल सरकारले तराई

---

३ यद्यपि सन् २००० मा पूर्वी तराईका स-साना राज्यको पालादेखि नै थारूहरूको विकास अगाडि बढ्दै गएको पाइन्छ (Krauskopff and Meyer 2000) ।

४ भारतबाट छिरेकाहरूको बसोबास पनि सँगै अगाडि बढेको थियो ।

क्षेत्रमा लागू गरेको 'औलो उन्मूलन योजना' अन्तर्गत जङ्गलक्षेत्रमा डिडिटि छर्कने र साथै पहाडी क्षेत्रबाट तराई क्षेत्रको बसाइसराइलाई प्रोत्साहित गर्दै जानाले हो ।

सन् १९५१ मा राणा शासनको अन्त्य भएपछि आधुनिक राष्ट्र निर्माणतर्फ बढ्ने नीतिको सुरुआत भयो । त्यस बेला राष्ट्रिय सरोकारको मुख्य मुद्दा भनेको सन् १९४७ मा अङ्ग्रेजबाट स्वतन्त्र भएको ठूलो छिमेकी राष्ट्र भारतसँग सिमाना जोडिएका तराई क्षेत्रलाई 'नेपालीकरण गर्ने' भन्ने नै थियो । नेपाल तथा भारतबीच सम्पन्न सन् १९५० को व्यापार तथा पारबहन सन्धिअनुसार दुवै देशका नागरिकले विना राहदानी सीमा वारपार गर्न पाउने र आयातनिर्यात गरिने वस्तुमा पनि कर नलगाउने गरिएकाले तराई क्षेत्र भारतीयहरूले ओगट्न सक्ने सम्भावना त्यत्तिकै थियो । यता पहाडी क्षेत्रमा जनसङ्ख्याको वृद्धिले गर्दा खेतीयोग्य जमिनको अभाव हुनगई नयाँ खेतीयोग्य जमिनको आवश्यकता देखिन थालेको थियो । यी दुवै समस्याको एकैसाथ समाधान गर्ने प्रक्रियाको रूपमा माथि उल्लेख गरिएजस्तै पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बसाइसराइको योजना ल्याइएको थियो (Guneratne 1994) ।

यस योजनाले थारूहरूलाई नकारात्मक प्रभाव पार्‍यो । पहाडी क्षेत्रबाट बसाइँसराइको क्रममा आएका मानिसहरूले पढ्नलेख्न नजानेका, सरकारसँग आफ्नो हक माग्न नसक्ने सिधासाधा थारूहरूबाट फाइदा उठाई उनीहरूले खेती गर्दै आएका जमिनमाथि विभिन्न तरिकाले कब्जा जमाउन पुगे । यसपालि हामीले गरेको अनुसन्धानबाट पुनर्वासक्षेत्रमा बस्ने मानिसहरू पहिले पूर्वीक्षेत्रको दाङमा बस्दै आएका भए तापनि हाल बर्दिया जिल्लामा रहेको कुरा बुझियो । उनीहरू बर्दिया जिल्लामा आउनुको कारण पनि पहाडी क्षेत्रबाट बसाइँसराइ गरी आएका व्यक्तिहरूबाट जमिन खोसिएकोले गर्दा हो । थारूहरूका जमिन वास्तवमा कसरी खोसिँदा रहेछन् भन्ने बारेमा पुनर्वासीका भनाइ हेरौं ।

**भनाइ १**

एकदिन त्यस क्षेत्रका थारू युवाहरू सबैजना 'बाबियो' भन्ने घाँस काट्न जङ्गल गएका थिए । बाबियो डोरी बनाउने कच्चा पदार्थ हो । प्रत्येक वर्षको एकचोटी सबैजना वनमा पसी धेरै दिनसम्म सामूहिक रूपमा काट्ने र बटुल्ने काम गर्दछन् । पुरूषहरूले बाबियो काटिसकेपछि महिलाहरू वनमा आई काटिएको बाबियो बोकी गाउँसम्म लैजान मद्दत गर्थे । 'क' जमिनदारले त्यही समय पारी थारूको गाउँमा प्रवेश गर्‍यो । त्यसपछि, गाउँमा बाँकी भएका बृद्धहरूलाई जग्गा दर्ता गराएनौ भने सरकारले तिमीहरूका जग्गा जफत गर्छ, भन्ने कुरा गर्‍यो । जग्गा जफत भयो भने त आपत हुन्छ भन्ठानेर बृद्ध

थारूहरू जमिनदारसँगै मालमा गई जग्गा दर्ता गरे । उनीहरूले उक्त जग्गा 'क' को नाममा दर्ता भएको सुइँकोसम्म पनि पाएनन् । यसरी हाल दाङ जिल्ला उराही गाविसको काचिरामा बस्ने जमिनदार 'क' ले थारूको जमिन हात पारेका थिए ।

**भनाइ २**
हाल दाङ जिल्लाको बारवा गाउँमा बस्ने जमिनदार 'ख' सुरुमा यस क्षेत्रमा आउँदा सुन्तला जातको फलफूलबाट निकालिएको जुस लिएर आएको थियो । 'ख' ले सो जुसलाई थारूसँग भएको चामलसँग साटेर आफू अर्कोपटक आउने बेलासम्म उक्त चामल गाउँमै राख्न लगाई सो चामल राख्न दिएको भनी कागजमा सहीछाप गर्न लगायो । चार वर्षपछि फेरि गाउँमा आई त्यसले उक्त कागज देखाई उति बेला राखेको चामलभन्दा धेरै गुणा बढी चामल उसलाई तिर्नुपर्ने कुरा गऱ्यो र यदि नतिरेमा प्रहरीमा उजुरी गर्ने धम्कीसमेत दियो । आफ्नो साँचो कुरालाई प्रमाणित गर्न सक्ने कुनै उपाय नभएका थारूहरूसमक्ष चामलको सट्टामा आफ्नो जग्गा दिनुबाहेक अरू कुनै विकल्प भएन ।

यस्ता अनेकौं षड्यन्त्रद्वारा थारूहरूले आफ्ना जग्गा गुमाउँदै गए । त्यसमाथि मोहीका रूपमा काम गर्दै आएका थारूप्रति पनि जमिनदारद्वारा विभिन्न यातना दिन थालियो । सन् १९६४ मा लागू गरिएको भूमिसुधार ऐनले प्रतिव्यक्ति जग्गाको अधिकतम हदबन्दी तोकेपछि मोहीले मोहीयानी हक खोजेमा आफ्नो स्थिति खतरामा पर्ने कुराले जमिनदारहरू अप्ठ्यारोमा परेका थिए । त्यसैले उनीहरूले थारूहरूले मोहीयानीको कुरा ननिकालुन् भनेर गाउँनिकाला गर्ने धम्कीसमेत दिने गर्थे ।[५] यसैको परिणामस्वरूप दाङ जिल्लामा बसोबास गर्दै आएका थारूमध्ये धेरैजसो 'जमिनदारको यातना सहेर काम गरिराख्नुभन्दा बरु खाली जग्गाको खोजी गर्नु राम्रो' भनी पश्चिमको बर्दिया जिल्लातिर लाग्न थाले । तर यस बेलासम्म नेपालको जग्गा प्रणाली कानुनी रूपमा व्यवस्थित भइसकेको हुनाले देशभित्र ऐलानीबाहेक मालिकविनाका जग्गा थिएनन् । आफ्नो जग्गा खोसिएपछि जमिनदारको अधीनमा मोही भएर जीवनयापन गर्नु बाहेक थारूहरूका लागि अरू विकल्प हराउँदै गयो ।

## कमैया सम्झौतामा परिवर्तन

औलो उन्मूलनपछि तराई क्षेत्रमा बसाइँ सर्नेहरूमा धनी र उच्चवर्गका मात्र नभई पहाडी क्षेत्रका गरीब किसानहरूसमेत भएकोले मजदुर सङ्ख्यामा अत्यन्त

---

[५] यद्यपि त्यति बेला जग्गा आफ्नो हातमा पारेका थारू थोरै सङ्ख्यामा थिए ।

वृद्धि हुन गयो । तर त्यसको विपरीत प्रतिव्यक्ति जमिनदारले ओगटेको जमिन पनि तिनका शाखासन्तानमा बाँडफाँट हुँदा थोरै हुँदै गयो र मोहीको सङ्ख्या पनि घट्दै गयो । फलस्वरूप रैथानेहरूको जग्गा मात्र गुमाउने उनीहरूले पहिलेकोभन्दा अझ कठोर सर्तमा जमिनदार र मोहीबीच सम्झौता गर्नुपर्ने भयो । पुनर्वासीहरूको भनाइअनुसार खेतीपातीबाट प्राप्त भएको उब्जनीको सात भागको एक भाग जग्गा कमाएबापत जमिनदारलाई तिर्नु पर्दाखेरि ठीकै थियो । तर पछिपछि त क्रमशः छ भागको एक, पाँच भागको एक, चार भागको एक, तीन भागको एक हुँदै अहिलेचाहिँ दुई भागको एक भाग नतिरेमा मोही भएर काम गर्न पनि नपाइने भयो । अझ अहिले त मोही सम्झौता गर्दा दुई हल गोरु ल्याउन सक्नेहरूमा मात्र सीमित गरिएको छ ।

यसले थारूको परिवारमा पनि स्वतः परिवर्तन आयो । माथि उल्लेख गरिएको 'बक्रहा' तथा 'कोटारी' जस्तो संयुक्त सम्पत्तिको व्यवस्था हराउँदै गयो । तर 'कमैया' ले 'मजदुरी' सँग जुन अर्थ राख्थ्यो अहिले त्यसको विपरीत शोषण गर्ने उद्धेश्यले जमिनदारद्वारा परिचालन गर्न थालियो ।

अहिले 'कमैया' शब्दले 'जमिनदारसँगको सम्झौतामा काम गर्ने 'कृषिदास' अथवा 'बाँधा मजदुर' भन्ने बुझिन्छ । कुनै बेला थारू समुदायमा परिवारभित्रको सम्बन्ध जनाउने यो शब्द जमिनदारसँग सम्बन्ध जनाउने शब्दमा परिवर्तित हुन पुगेको छ । ऋणमा डुबेका कमैयाहरू जमिनदारको अधीनमा बसेर आफू मात्रै काम गर्दैनन्, सम्पूर्ण परिवार नै काममा जोतिन्छन् । कामको बाँडफाँट गर्ने तरिका पनि पहिलेको संयुक्त पारिवारिक जीवन बिताउँदाखेरिको भन्दा खासै फरक छैन । फरक त यत्ति छ, आफ्नो जग्गाको सट्टामा जमिनदारको जग्गामा खेती गर्ने, आफ्ना गाईवस्तुको सट्टा जमिनदारका गाईवस्तुको हेरचाह गर्ने । त्यसपछि त थारू स्वयंले पनि 'कमैया' भन्ने शब्दलाई 'कृषिदास' को अर्थमा प्रयोग गर्न थाले ।

## पुनर्वास अभियान सफल हुनाका कारणहरू

कैयौँ पुस्तासम्म एउटै जमिनदारको अधीनमा दाससरहको काम गर्ने कमैयाहरूले यस्तो स्थितिलाई आफ्नो दुर्भाग्यको रूपमा स्वीकार गर्ने गरेको देखिन्छ । तापनि देशमा प्रजातान्त्रिक आन्दोलनको थालनी हुनेबित्तिकै सन् १९९० को अप्रिल महिनामा ४,९३९ कमैया परिवारले एकैसाथ जग्गाको माग राख्दै बर्दिया जिल्लाको

कनरा वन कब्जा गर्न सफल भएका थिए । त्यसपछि उनीहरूले पाँच वर्षसम्म सरकारसमक्ष जग्गाप्राप्तिको अभियानलाई निरन्तरता दिए ।[६] हामीले यस पटकको सर्वेक्षणबाट थाहा पाउन चाहेको कुरा थियो कसरी यति धेरै सङ्ख्यामा उनीहरू एकैचोटि कनरा वनमा बसाइँसराइ गर्न सके होलान् ? र फेरि त्यस बेलासम्म कुनै खेती नगरिएको वनभित्र पाँच वर्ष कसरी जीवननिर्वाह गरे होलान् भन्ने कुरा हो ।

थारूहरूको परम्परागत सामाजिक संरचना जमिनदारद्वारा परिचालित हुँदा उनीहरू दासताको स्थितिमा पुगे । तर त्यही पुरानो संरचना अहिले उनीहरूको जग्गाप्राप्तिको अभियानमा निकै महत्त्वपूर्ण सावित भयो ।

यस अभियानको अगुवाइ गर्ने थारूको नेतृत्वसमूहले सुरुमा वन कब्जा गर्ने निर्णय गरी प्रत्येक गाउँक्षेत्रका बादोगासँग सहयोगको प्रस्ताव राखे । बादोगाहरूले आफ्नो गाउँका सदस्यहरूलाई गुठी (खेल) मार्फत सहभागी गराउने भूमिका खेले । बादोगाको निर्देशन पालना गर्दै गार्दोरियाहरूले आ-आफ्ना परिवारलाई सहभागी गराउने भए । गार्दोरियाहरूले आ-आफ्ना परिवारलाई सहभागी गराइसकेपछि आफ्ना नजिकका आफन्तलाई पनि अभियानमा सहभागी हुन लगाइयो । फेरि ती आफन्तहरूले अरू आफन्तहरूलाई बोलाए । यसरी छोटो समयमा नै थारूहरूको धेरै सङ्ख्या त्यस अभियानमा थपिँदै गयो ।

अतिक्रमित वनक्षेत्रमा जीवननिर्वाह गर्नका लागि उनीहरूले खेलअनुसार जग्गा बाँडफाँट गरे । त्यसपछि प्रत्येक बादोगाद्वारा परिवारअनुसार जग्गा बाँडेर खेतीपाती गर्न लगाइयो । तर यत्तिले जीविका चलाउन सजिलो भने थिएन । त्यस अभियानमा सहभागी सदस्यका केही परिवार जमिनदारको अधीनमै रहेको हुनाले अभियानमा संलग्नतास्वरूप भौतिक सामान तथा रकम सहयोग गरेका थिए । थारूहरूको परम्परागत पारिवारिक संरचनाअनुसार पनि ठूलो परिवार हुने भएकोले यस्तो सम्भव भयो । तर एकल पारिवारिक संरचना विकास भइसकेका परिवारहरू भने यस अभियानमा सहभागी हुन सकेनन् ।

स्थानीय बासिन्दाको सङ्गठन खेलले क्षेत्रीय तथा पारिवारिक सङ्गठन बलियो बनाउन ठूलो भूमिका खेलेको थियो । अब सरकारसँग वार्ता गर्न तथा बाहिरी संस्था तथा व्यक्तिहरूसमक्ष सहयोगका प्रस्ताव राख्नका लागि नेपाली

---

[६] यससम्बन्धी विस्तृत चर्चा अध्याय चारमा भइसकेको छ ।

भाषा बोल्न सक्ने युवाहरूको नेतृत्वमा 'कनरा आयोग' भन्ने नयाँ सङ्गठन बनाइयो । त्यस आयोगका प्रमुख रमेश थिए ।

खेल तथा कनरा आयोग पुरानो र नयाँ सङ्गठनको मिलनले गर्दा पुनर्वास अभियानले सफलता पनि हासिल गऱ्यो ।

## अनुसन्धानको अर्थ र परिणाम

यस किसिमको अनुसन्धानको महत्त्वपूर्ण अर्थ छ। कमैया थारू समाजबाट जन्मेको वास्तविकताको कारण अहिलेसम्मको 'कमैया=ऋणदास' भन्ने धारणा सच्याउनु पर्ने देखियो । थारूका आफन्तबीचमा पनि परम्परागत रूपमा कमैया सम्झौता हुँदै आएकोले कमैया हो भन्दैमा पूर्णरूपमा दासप्रथाको पीडित व्यक्ति भन्न नमिल्ने भयो । शोषणमा परेको वा नपरेको भन्ने कुरा बुझ्न व्यक्तिगत तवरमै कमैया र जमिनदारसँगको सम्बन्धलाई अझै विस्तृत रूपमा अध्ययन नगरी नहुने देखियो ।

अर्को एउटा कुरा, पुनर्स्थापितहरूको समाज, सुरुमा हामीले कल्पना गरेको भन्दा जटिल थियो । सरसर्ती हेर्दा 'खेल' ले गाउँभित्रको अवस्थाको र कनरा आयोगले गाउँभन्दा बाहिरी कुराको जिम्मेवारी लिएको जस्तो देखिए तापनि दुवैको भूमिका स्पष्ट थिएन । हामीले कमैया समस्यामा संलग्न भएकोले यस पुनर्स्थापित क्षेत्रलाई प्रवेशद्वार बनाउन सक्छौँ कि भन्ने विचार गरेका थियौँ । तर त्यसको लागि यी दुई जनसङ्गठनसितको सम्बन्धमा कसरी सामञ्जस्यता राख्ने भन्ने कुरा गहिराइमा सोच्नु पर्ने भयो । त्यसमा पनि अहिलेसम्मको जग्गाप्राप्तिको अभियानमा सक्रियतासाथ लागेको कनरा आयोगको गहिरो सम्बन्ध नेकपा एमालेको सरकारसँग भएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको हुनाले पनि परिस्थिति विचारणीय बन्दै गएको थियो ।

यसपटकको अनुसन्धानले धेरै कुराहरू समेट्न सकेको थिएन । पुनर्वासी कमैयाहरूबाट उनका पुर्खाहरू र उनीहरूले विगतमा भोग्नु परेका कठिनाइ तथा कनरा आन्दोलन सफलताको बाटोमा कसरी पुग्यो भन्ने विषयमा प्रशस्त जानकारी पाइयो । तर उनीहरूले हाल भोगिरहेको जीवनसँग सम्बन्धित कुराबारे भने केही पनि बोल्न रूचाएनन् । अहिलेसम्म निरन्तर ठगिँदै आएको हुनाले पनि उनीहरूले बाहिरी मानिसलाई सजिलै विश्वास गर्न सकेनन् ।

यसले गर्दा अनुसन्धान टोलीलाई आफूले सोध्न चाहेका कुराभन्दा पनि पुनर्वासीहरूले भन्न चाहेका कुराहरूका आधारमा अनुसन्धान गर्नुपर्ने भयो । यो कुरा त ठीकै थियो । तर ६ महिना लामो अनुसन्धानबाट पनि पुनर्वासीहरू अहिले कसरी जीवन बिताउँदै छन् भन्नेबारे केही बुझ्न सकिएन । अनुसन्धानको सुरुमा सोचेजस्तो 'स्थानीय बासिन्दास्वयंद्वारा आफ्नो जीवनको वास्तविकताको खोजी गरी हालका क्रियाकलापलाई कसरी विकसित गर्दै गएमा राम्रो हुन्छ भनेर विचार गर्ने' भन्ने चरणसम्म पुग्न अझै समय लाग्ने देखियो । साथै अनुसन्धानलाई पनि अझै निरन्तरता दिनुपर्ने आवश्यकता महसुस भयो ।

कानको उपचार सकिएपछि म फेरि अगस्तमा नेपाल आएँ । काठमाडौँमा श्रीमतीले प्रतीक्षा गरिरहेकोले होला, यसपटक 'नेपालमा जाने' भन्दा पनि 'नेपाल फर्किने' भावना ममा थियो ।